# आ.व. २०७७/०७८ का लागि बैदेशिक रोजगार सम्बन्धी संस्थाहरुको नवीकरणका लागि निवेदन आह्वानको सूचना

वैदेशिक रोजगार सम्वन्धि प्रचलित कानून बमोजिम स्थापना भै विभागबाट ईजाजतपत्र प्राप्त गरेका देहाय अनुसारका संस्थाहरुलाई बैदेशिक रोजगार ऐन, २०६४, बैदेशिक रोजगार नियमावली, २०६४ र सम्बन्धित निर्देशिका एवं कार्यविधी बमोजिम मिति २०७७ आषाढ मसान्तभित्र सम्बन्धित कानूनमा उल्लेख भए बमोजिमको नवीकरण दस्तुर र तोकिएका कागजपत्रहरु संलग्न गरी नवीकरणका लागि निवेदन आवहान गरिएको छ।

**देहायः**

**१. ईजाजतपत्र प्राप्त संस्था ( म्यानपावर )हरुको हकमाः**

क) संस्थाको निवेदन,

ख) अघिल्लो आर्थिक वर्ष (आ.व ०७५/०७६) को आय विवरण बुझाएको भरपाइ वा आयकर दाखिला गरेको प्रमाण,

ग) पछिल्लो दुई आर्थिक वर्ष (आ व ०७५/०७६ र आ व ०७६/७७) मा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजात (नियमावलीको नियम ८(क१),

घ) अघिल्लो आर्थिक बर्षमा वैदेशिक रोजगारमा कामदार पठाएको संख्या र अवस्था (आ. व. २०७५/७६ को वार्षिक प्रगति विवरण ),

ङ) ऐनको दफा "११ख" को व्यहोरा प्रमाणित हुने कागजात,

ङ) नवीकरण दस्तुर (रु. १०, ०००।-) बुझाएको भरपाइ (नियमावलिको नियम ८ (३)),

च) विभागबाट प्राप्त इजाजत पत्रको प्रतिलिपी।

छ) नगद धरौटी र बैंक ग्यारेन्टीको प्रतिलिपी।

ज) कम्पनी अध्यावधिक भएको वा सो को प्रक्रिया शुरु गरिएको प्रमाणित हुने कागजातको प्रतिलिपी।

**नोटः**

१ **ईजाजतपत्र प्राप्त संस्थाहरु (म्यानपावर) लाई आवश्यक पर्ने बार्षिक संख्या प्रमाणित सम्बन्धि सबै संस्थाहरुको विवरण विभागबाट एकमुष्ठ रुपमा प्रमाणित गरी वेभसाइटमा राखिएकोले वेभसाइट बाटै प्राप्त गर्न सक्नुहुनेछ।**

२ **पेश गर्नु पर्ने प्रतिलिपी कागजातहरुको हकमा संस्थाको संचालकबाट प्रमाणित गरी संस्थाको छाप लगाइ पेश गर्नु पर्नेछ।**

**२.अभिमुखीकरण तालीम प्रदायक संस्थाहरुको हकमाः**

देहायका कागजातहरुको प्रतिलिपि **नोटरी पब्लिकवाट प्रमाणित** गराई पेश गर्नु पर्नेछ।

क) संस्थाको निवेदन,

ख) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी,

ग) अघिल्लो आर्थिक वर्षको प्रगति,

घ) संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धि विवरण,

ङ) अघिल्लो आर्थिक वर्ष (आ.व ०७५/०७६) को कर दाखिला गरेको प्रमाण,

च) कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अध्यावधिक गरेको विवरण,

छ) अघिल्लो आर्थिक बर्ष सम्मको इजाजतपत्र नवीकरण गरेको प्रमाणपत्र,

ज) अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण।

झ) घर भाडामा लिएको भए कम्तीमा दुई बर्षको म्याद बाँकी रहेको संझौता पत्र,

ञ) लेखा परीक्षण प्रतिवेदन,

ट) संस्थाको शेयर विक्रि वा हस्तान्तरण गरेको भए सोको प्रमाण,

ठ) संस्थाको सञ्चालक र निजको एकाघर संगोलका परिवारका सदस्यहरु सोही संस्थामा आवद्ध नभएको अवस्था प्रमाणित गर्ने कागजात वा विवरण (नियमावलीको नियम २३ को उपनियम ८ ) वा स्वघोषणा,

ड) एकाघर संगोलका परिवारका सदस्यको शेयर रहेको एक भन्दा बढी संस्था नभएको प्रमाणित गर्ने कागजात (नियमावलीको नियम २३ को उपनियम ९ ) वा स्वघोषणा,

ढ) नगद धरौटी वापत जम्मा रु पाँच लाख बुझाएको भरपाइ,

ण) नवीकरण दस्तुर वापत रु दश हजार बुझाएको भरपाइ।

**३. सीपमूलक तालीम प्रदायक संस्था**

देहायका कागजातहरुको प्रतिलिपि **नोटरी पब्लिकवाट प्रमाणित** गराई विभागमा उपस्थित भै पेश गर्नु पर्नेछ।

क) कम्पनी दर्ता प्रमाणपत्र।

ख) आर्थिक वर्ष २०७५/७६ को कर चुक्ताको प्रमाणपत्र।

ग) तालीम संचालनको वार्षिक विवरण।

घ) संस्था दर्ताको अनुमति पाएको अनुमति पत्र ।

ङ) अनुमतिपत्र लिने समयमा पेश भएका प्रशिक्षक वा पछि प्रशिक्षक परिवर्तन भएको भए त्यसरी परिवर्तन भएका प्रशिक्षकको शैक्षिक योग्यता सहितको विवरण।

च) घर भाडामा लिएको भए कम्तीमा दुई वर्षको लागि गरेको संझौता पत्रको प्रतिलिपी,

छ) आ.व. २०७५/७६ को लेखा परीक्षण प्रतिवेदन।

झ) संस्थाको शेयर व्रिक्री वा हस्तान्तरण गरेको भए सो को प्रमाणपत्र।

ञ) नवीकरण दस्तुर वापत रु. दश हजार बुझाएको भरपाइ।

**४. घरेलु कामदारलाई तालीम दिने संस्थाहरुको हकमाः**

**देहायका कागजातहरुको प्रतिलिपी संस्था स्वयंबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ।**

क) संस्थाको निवेदन,

ख) अघिल्लो आर्थिक वर्षको प्रगति,

ग) संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धि विवरण,

घ) आर्थिक वर्ष २०७५/७६ को कर चुक्ताको प्रमाणपत्र।

ङ) अघिल्लो आर्थिक वर्षमा तालीम प्रदान सम्बन्धी प्रगति विवरण (तालीम प्राप्त व्यक्तिहरुको ठेगाना, जिल्ला, जातिगत र लैंगिक विवरणसहित नामावली),

ङ) लेखा परीक्षण प्रतिवेदन,

च) मन्त्रालय, विभाग, सचिवालयबाट अनुगमन भएको मिति र दिएका सुझावहरु र कार्यान्वयन अवस्था,

छ) कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अध्यावधिक गरेको विवरण र अघिल्लो आर्थिक बर्ष सम्मको इजाजतपत्र नवीकरण गरेको प्रमाणपत्र,

ज) नवीकरण दस्तुर वापत रु. दश हजार बुझाएको भरपाइ,

**<u>५. केयर गिभर सम्बन्धी तालीम दिने र पठाउने संस्थाहरुको हकमाः</u>**

**देहायका कागजातहरुको प्रतिलिपी संस्था स्वयंबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।**

क) संस्थाको निवेदन,

ख) अघिल्लो आर्थिक वर्षको प्रगति,

ग) संस्थाको भौतिक, वित्तिय र जनशक्ति सम्बन्धि विवरण,

घ) आर्थिक वर्ष २०७५/७६ को कर चुक्ताको प्रमाणपत्र ।

ङ) अघिल्लो आर्थिक वर्षमा तालीम प्रदान गरेको र पठाएको सम्बन्धी प्रगति विवरण (तालीम प्राप्त व्यक्तिहरुको ठेगाना, जिल्ला, जातिगत र लैंगिक विवरणसहित नामावली),

च) लेखा परीक्षण प्रतिवेदन,

छ) मन्त्रालय, विभाग, सचिवालयबाट अनुगमन भएको मिति र दिएका सुझावहरु र कार्यान्वयन अवस्था,

ज) कम्पनी रजिष्ट्रारको कार्यालयबाट कम्पनी अध्यावधिक गरेको विवरण र अघिल्लो आर्थिक बर्ष सम्मको इजाजतपत्र नवीकरण गरेको प्रमाणपत्र,

झ) नियमानुसारको नवीकरण दस्तुर बुझाएको भरपाइ,

**<u>६. विभाग समक्ष उपस्थित हुँदा सेवाग्राहीले पालना गर्नुपर्ने नियमहरु</u>**

१. विभाग समक्ष उपस्थित हुँदा अनिवार्य रुपमा मास्क (कपडाको बाहेक) लगाउनुपर्ने ।

२. कानून बमोजिम पुर्याउनु पर्ने रीतपूर्वकका सबै कागजातहरु पुर्याइ फायल साथ उपस्थित हुनुपर्ने

३. फायलको अगाडि पट्टिको भागमा संस्थाको नाम, संचालकको नाम र सम्पर्क नं. उल्लेख भएको हुनुपर्ने ।

४. संस्थाबाट परिचय पत्र सहित अख्तियार प्राप्त व्यक्ति एकजना मात्र उपस्थित हुनुपर्ने ।

५. विभागमा उपस्थित भए पश्चात विभागले निर्देशन गरे बमोजिमका सुरक्षाका मापदण्डहरु पालना गर्नुपर्ने ।